**अनुसूची ७**

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

*"पर्यटकीय शहर, समुन्नत रत्ननगर"*

# आर्थिक बर्ष २०८३/८४ को आय व्ययको अनुमान (बजेट)

प्रस्तुतकर्ता :

## श्री यादव प्रसाद पाठक

## नगर उप प्रमुख

**मिति २०८३ असार ०५ गते**

## रत्ननगर नगरपालिका

**बकुल्लर, चितवन**

**वागमती प्रदेश, नेपाल**

# रत्ननगर नगरपालिकाको १९ औं नगरसभामा

# नगर उपप्रमुख यादव प्रसाद पाठक ज्यूद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान (बजेट)

सभाध्यक्षज्यू, नगर सभा सदस्य ज्यूहरु

सभाध्यक्षज्यूको अनुमति लिएर म रत्ननगर नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को अनुमानित बजेट तथा कार्यक्रम पेश गर्न उपस्थित भएको छु।

हामी निर्वाचित भई जनताको सेवामा समर्पित भएदेखि रत्ननगरको विकास, समृद्धि र सुशासनलाई केन्द्रमा राखेर निरन्तर कार्य गर्दै आएका छौं। सीमित स्रोत—साधनका बाबजुद शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास, खानेपानी, सामाजिक सुरक्षा तथा सेवा प्रवाहका क्षेत्रमा हासिल भएका उपलब्धिहरूले नगरवासीमा विकासप्रतिको विश्वास र आशा अझ बलियो बनेको छ। नगरका विभिन्न क्षेत्रमा सम्पन्न भएका पूर्वाधार, बढ्दो पर्यटकीय गतिविधि, कृषि उत्पादनमा आएको सुधार, स्वास्थ्य तथा शिक्षामा विस्तार भएका सेवाहरूले रत्ननगर क्रमशः समुन्नत नगरको रूपमा अघि बढिरहेको अनुभूति गराएको छ भन्नेमा हामी विश्वस्त छु ।

यस सम्मानित १९ औं नगरसभा सदस्य ज्यूहरु

नगर प्रमुखज्यूद्वारा प्रस्तुत भई सर्वसम्मतीले पारित भएको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने प्रमुख आधारका रूपमा लिई प्रस्तुत बजेट तर्जुमा गरेको छु। नीति तथा कार्यक्रममा व्यक्त गरिएका उद्देश्य, प्राथमिकता, रणनीति तथा प्रतिबद्धताहरूलाई मूर्तरूप दिन उपलब्ध स्रोत—साधनको यथोचित परिचालन हुने गरी क्षेत्रगत रूपमा बजेट विनियोजन गरेको छु।

**जनताको सरकार, स्थानीय सरकार**को मूल मर्म अनुरूप नागरिकको आवश्यकता, विकासका प्राथमिकता, सामाजिक न्याय, सुशासन तथा दिगो समृद्धिको लक्ष्य प्रथम आवधिक योजना (२०८२—२०८६) लाई आबद्ध गर्दै दिगो विकास लक्ष्य, संघीय तथा प्रादेशिक नीतिसँग तादात्म्यतामा राखी उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग हुने गरी बजेट तथा कार्यक्रम विनियोजन गरेका छु ।

प्रथम आवधिक योजना (२०८२—२०८६) आबद्ध गर्दै दिगो विकास लक्ष्य, संघीय तथा प्रादेशिक नीतिसँग तादात्म्यता कायम गरिनेछ।

यस बजेटले “पर्यटकीय शहर, समुन्नत रत्ननगर” भन्ने दीर्घकालीन सोचलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा आत्मसात गरेको छ। दिगो पर्यटन, व्यवसायिक कृषि, गुणस्तरीय माध्यमिक तह सम्मको निःशुल्कशिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, आधुनिक पूर्वाधार, वातावरण संरक्षण र डिजिटल सुशासनलाई विकासका प्रमुख आधारस्तम्भका रूपमा अघि बढाइएको छ।

**बजेटको सोच**

**"पर्यटकीय शहर, समुन्नत रत्ननगरः उत्पादन, रोजगारी, सुशासन र दिगो विकासको आधार"**

रत्ननगरको तुलनात्मक लाभका क्षेत्र पर्यटन, कृषि, उद्यमशीलता, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलाई आर्थिक समृद्धिको प्रमुख आधार बनाउँदै नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने सोच यस बजेटले लिएको छ। स्थानीय स्रोत, साधन, सीप र सम्भावनाको अधिकतम उपयोगमार्फत आत्मनिर्भर, समुन्नत, व्यवस्थित र नागरिकमैत्री रत्ननगर निर्माण गर्नु यस बजेटको मूल सोच रहेको छ।

**बजेटको लक्ष्य**

**समृद्ध, आत्मनिर्भर, सुशासित, समावेशी र दिगो रत्ननगर निर्माण गर्दै नागरिकलाई विकास र समृद्धिको प्रत्यक्ष अनुभूति गराउनु।**

**बजेटको उद्देश्यहरु**

१. पर्यटन, कृषि, उद्योग, व्यापार तथा उद्यमशीलताको विकासमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने।

२. उत्पादन, उत्पादकत्व तथा रोजगारीका अवसर वृद्धिका लागि सिप विकास तालिमहरु संचालन गर्ने।

३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सामाजिक सुरक्षामा नागरिकको पहुँच सुनिश्चित गर्ने।

४. आधुनिक, सुरक्षित तथा दिगो पूर्वाधार विकास गर्ने।

५. वातावरण संरक्षण, जलवायु उत्थानशीलता तथा विपद् व्यवस्थापनलाई सुदृढ बनाउने।

६. सूचना प्रविधिमैत्री, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री सुशासन प्रवर्द्धन गर्ने।

७. सामाजिक न्याय, समावेशिता तथा लक्षित वर्गको सशक्तीकरण सुनिश्चित गर्ने।

**बजेटका प्राथमिकता**

१.पर्यटन प्रवर्द्धन, संरक्षण र पूर्वाधार विकास।

२. कृषि तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण।

३. सामुदायिक शिक्षाको गुणस्तर सुधार तथा कक्षा १—१२ सम्मको निःशुल्क शिक्षाको उपलब्धीमुलक प्रभावकारी कार्यान्वयन।

४. सर्वसुलभ, गुणस्तरीय तथा नागरिकमैत्री स्वास्थ्य सेवा विस्तार।

५. नगर गौरवका आयोजना तथा रणनीतिक पूर्वाधार विकास।

६. खानेपानी, सरसफाइ तथा वातावरण संरक्षण।

७. डिजिटल सुशासन, सेवा प्रवाह सुधार तथा संस्थागत सुदृढीकरण।

८. युवा, महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको सशक्तीकरण।

९. रोजगार सिर्जना, उद्यम विकास तथा सहकारी क्षेत्रको प्रवर्द्धन।

१०. वित्तीय अनुशासन, राजस्व परिचालन तथा सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि।

सभाध्यक्ष महोदय

१. बजेटले लिइएको उद्धेश्य हासिल गर्न देहाय बमोजिम प्रस्ताव गरेको छु ।नगर गौरवको आयोजनाको रूपमा अगाडि बढाइएको वडा नं. ८ चित्रसारीस्थित **बहुउद्देश्यीय बाघमारा रङ्गशाला** निर्माण कार्यलाई सम्पन्न गर्ने लक्ष्यका साथ पर्याप्त बजेट व्यवस्था गरेको छु। यस आयोजनाले खेलकुद विकास, युवाको प्रतिभा प्रस्फुटन तथा खेल पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरेको छु।

२. शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयको गुणस्तर सुधार, बछौली मा.वि.मा होटल म्यानेजमेन्ट अध्ययन गर्ने छात्राछात्रहरुलाई पढ्दै कमाउँदै कार्यक्रम संचालन, शैक्षिक व्यवस्थापन सुदृढीकरण तथा **कक्षा १ देखि १२ सम्मको निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन** सुनिश्चित गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। यसबाट सबै बालबालिकाको शिक्षामा पहुँच विस्तार भई शिक्षाको अवसरमा समानता कायम हुने विश्वास लिएको छु।

३. खेलकुदका क्षेत्रहरुमा युवाहरुको बढ्दो आकर्षणलाई मध्यनजर गरि मेयर कप खेलखुद, राष्ट्रपति रनिङशिल लगायतका खेल कार्यक्रम र विभीन्न क्लब संस्थाहरुबाट संचालन हुने खेलकुद सम्बन्धीकार्यक्रहरुलाई प्राथामिकतामा राखि आवश्यक मात्रामा बजेट व्यवस्थापन गरेको छु ।

४. स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखी **"अस्पतालसम्म नगर प्रमुख" कार्यक्रम**, विपन्न तथा दीर्घरोगी नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवा, मातृ तथा शिशु स्वास्थ्य, जेष्ठ नागरिक स्वास्थ्य सेवा, विपन्न नागरिक स्वास्थ्य उपचार कोष, निःशुल्क रक्त सेवा, शववाहन सेवा, मानसिक स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य बीमा सहयोग लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

५. कृषि क्षेत्रको यान्त्रिकीकरण, आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरणका कार्यक्रम सञ्चालन गर्न, उत्पादनमा आधारित अनुदान वितरण गर्न, साना सिंचाइ, मोटर बोरिङ, पशुपालन तथा कृषकसँग नगर प्रमुख कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु। यसबाट कृषि उत्पादन वृद्धि भई कृषकको आयआर्जनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरेको छु।

६. पर्यटन क्षेत्रको विकास र विस्तारका लागि सौराहा तथा आसपासका नयाँ पर्यटकीय गन्तव्यहरूको विकास, हरियाली पार्क निर्माण, चित्रसारीमा गंगा आरती, हरिहर मन्दिरमा महाआरती, धर्मधाममा सन्ध्या

आरती, पञ्चनदी तथा लौरीघोल ताल संरक्षण तथा सौन्दर्यीकरण लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

७. युवा तथा महिलाको आर्थिक सशक्तीकरणका लागि **मेड्पा कार्यक्रम, नगर प्रमुख उद्यमशीलता विकास कार्यक्रम, सीपमूलक तालिम, स्वरोजगार तथा लघु उद्यम प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।**

८. पूर्वाधार विकासतर्फ नगरका मुख्य सडकहरूको स्तरोन्नति, रणनीतिक सडक निर्माण, पुल, कल्भर्ट तथा अन्य सार्वजनिक पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्न पर्याप्त बजेट व्यवस्था गरेको छु। यसबाट नागरिकको आवागमन सहज हुनुका साथै आर्थिक तथा सामाजिक गतिविधिमा थप गति आउने विश्वास लिएको छु।

९. खानेपानी तथा सरसफाइतर्फ **एक घर एक धारा** अभियानलाई पूर्णता दिन, कुल धारा २२४०३ मध्ये धारा जडान हुन बाँकी करिब १५०० बाँकी घरधुरीमा धारा जडान गर्न, खानेपानीको गुणस्तर सुधार गर्न तथा विपन्न नागरिकलाई आवश्यक सहयोग उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु।

१०. वन, वातावरण, सीमसार संरक्षण, जैविक विविधता संरक्षण, जलस्रोत पुनर्भरण, प्लाष्टिक न्यूनीकरण तथा हरित विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

११. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को मर्म, भावना र व्यवस्था अनुरूप प्रस्तुत बजेट तर्जुमा गरिएको छ। सीमित स्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त हुने क्षेत्रमा केन्द्रित गर्दै साना तथा छरिएका योजनाभन्दा नागरिकको प्रत्यक्ष जीवनस्तरसँग जोडिएका, उच्च प्रतिफल दिने तथा समयमै सम्पन्न गर्न सकिने योजनाहरूमा बजेट विनियोजन गरेको छु।

१२. योजना कार्यान्वयनलाई थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउन पूर्वाधारतर्फका आयोजनाहरू पहिलो चौमासिक भित्र सम्झौता हुने, तोकिएको अवधिभित्र सम्पन्न हुने तथा जेठ महिनाभित्रै फरफारक गर्ने व्यवस्था सुनिश्चित गर्न आवश्यक बजेट तथा प्रणालीगत व्यवस्था गरेको छु। सम्भाव्यता अध्ययन, लागत अनुमान, जग्गा व्यवस्थापन तथा अन्य पूर्वतयारी पूरा भएका आयोजनाहरूलाई मात्र बजेटमा समावेश गरी स्रोतको प्रभावकारी उपयोग गर्ने नीति अवलम्बन गरेको छु।

समग्रमा, प्रस्तुत बजेटले नगर गौरवका आयोजना, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्यमशीलता, खानेपानी, वातावरण संरक्षण, सामाजिक सुरक्षा, सुशासन तथा पूर्वाधार विकासका सबै प्राथमिकता प्राप्त क्षेत्रहरूमा आवश्यक स्रोत सुनिश्चित गर्दै समृद्ध, सुशासित, आत्मनिर्भर र नागरिकमैत्री रत्ननगर निर्माणको आधार तयार गर्ने विश्वास लिएको छु।

अपेक्षित उपलब्धीः

अनुमानित आय व्यय र स्रोत व्यवस्थापन

**आयतर्फ**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनी व्यवस्थाअनुसार स्थानीय तहलाई प्राप्त राजस्व अधिकारको प्रभावकारी कार्यान्वयन गरिनेछ । राजश्व सुधार योजना अनुरूप नगरपालिकाको वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्न करको दायरा विस्तार, कर प्रशासनको आधुनिकीकरण तथा करदातामैत्री सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ। करदातामैत्री कर प्रशासन, करको दायरा विस्तार, अभिलेखीकरण तथा सूचना प्रविधिको प्रयोगमार्फत आन्तरिक आय अभिवृद्धि गर्ने नीति अवलम्बन गरि भुमी कर, सम्पती कर, व्यवसाय कर, घरबहाल कर, विज्ञापन दस्तुर, दहतर बहतर, सिफारिस दस्तुर, फोरमैला आय ठेक्का बापतको रकम, जडीबुटी कवाडी कर लगायतका आयका स्रोतलाई थप व्यवस्थित र प्रभावकारी बनाई नगरपालिकाको आन्तरिक राजस्व सुदृढीकरणमा जोड दिइनेछ।

१. नगर क्षेत्रभित्र बनेको घर वा संरचना र सो संरचनाले ओगटेको क्षेत्रफलको दोब्बर जमिनमा सम्पत्ति कर लगाउने कार्यलाई थप निरन्तरता दिने प्रस्ताव गरेको छु। जसबाट नगरलाई करीब रु २ करोड ३८ लाख प्राप्त हुने अनुमान छ।

२. संरचना नभएको क्षेत्रमा साविकमा लगाउदै आएको भूमि (मालपोत) करलाई नै निरन्तरता दिइएको छु। जसबाट नगरलाई रु २ करोड ३५ लाख ५० हजार प्राप्त हुने अनुमान छ।

३. नगरपालिका क्षेत्रभित्रका रहेका घर र जग्गाहरू वहालमा लगाउने व्यक्ति वा संस्थालाई कृषि कार्यमा भाडामा लिइने जग्गामा विगतमा लगाउदै आएको १ प्रतिशत करको दरलाई निरन्तरता दिएको छु। आवासीय प्रयोजनमा लगाउदै आएको ३ प्रतिशत करको दरलाई निरन्तरता दिएको छु। जसबाट होटल व्यवसाय र आवासीय घर बहालमा लगाउने घरधनीलाई राहत पुग्ने र न्यून कर भएकाले करको तिर्ने बानीको विकास हुने र करको दायरा थप फराकिलो हुने अपेक्षा राखिएको छ। सरकारी वा गैससको प्रयोजनको हकमा लाग्ने १० प्रतिशत वहालकरलाई निरन्तरता दिएको छु। यसरी घरजग्गाबहाल करबाट नगरपालिकालाई रु २ करोड १० लाख राजस्व प्राप्त हुने अनुमान छ।

४. नगर क्षेत्रभित्र व्यापार व्यवसाय गरी बस्ने व्यवसायीको व्यवसाय दर्तालाई सहजीकरण गर्न विगतमा लगाउदै आएको करको दरलाई निरन्तरता दिएको छु। पहिल्यैदेखि व्यवसाय गरेपनि हालसम्म दर्ताको दायरामा नआएका व्यवसायीहरूलाई अन्तिम पटकका लागि पछिल्लो ४ वर्ष (२०७९।८० देखि) को कर बुझाएमा बाँकी अवधिको कर र जरिवाना छुट गरी व्यवसाय दर्ता गरिदिने प्रस्ताव गरेको छु। यसले हालसम्म दर्ताको दायरामा नआएका करीब ५०० व्यवसायी दायरामा आउने अपेक्षा लिएको छु। विगतमा व्यवसाय दर्ता गरी लामो समय सम्म नविकरण गर्न

नआएका तथा व्यवसाय बन्द गरेका व्यवसायीहरूलाई अन्तिम पटकका लागि ४ वर्ष (२०७९।८० देखि) को व्यवसाय कर र घरजग्गा बहालकर बुझाएमा नविकरण गरिदिने गरी बाँकी कर र जरिवाना छुट दिने कार्यलाई निरन्तरता दिन प्रस्ताव गरेको छु। यसबाट दर्ता भइ नविकरण हुन नआएका करीब ६०० व्यवसायी नविकरणमा आउने अपेक्षा लिएको छु। यसरी हेर्दा चालु आ.ब. मा प्राप्त भएको करीब १ करोड ५५ लाखको व्यवसाय कर बढेर २ करोड ७ लाख पुग्ने अनुमान गरेको छु।

५. घर नक्सापासको दरमा तीन तलासम्मको मात्र व्यवस्था रहेकोमा अब ५ तला र सोभन्दा माथिको घरलाई पनि करको दर निरन्तरता दिन प्रस्ताव गरेको छु। जसबाट नगरलाई रु १ करोड ४५ लाख प्राप्त हुने अनुमान छ।

६.नगरपालिका र नगरपालिका अन्तरगतका वडा कार्यालयहरूबाट प्रदान गरिने सेवामा लगाइने सेवा शुल्क, दस्तुर सिफारिस दस्तुर लगायतका दस्तुरलाई निरन्तरता दिएको छु। यसबाट आगामी आर्थिक वर्षमा पनि रु १ करोड २५ लाख प्राप्त हुने अनुमान गरेको छु।

७.नगरको अनुमती नलिइ नगरपालिका अन्तरगतका विभिन्न ऐलानी र सार्वजनिक जग्गाहरूमा घर पसल निर्माण भएका छन् ती सबैलाइ अब सम्पत्ति कर र भूमीकर सरहको बहाल विटौरी शुल्क लिई करको दायरामा ल्याईने छ त्यसरी कर लगाइए बापत रु २ लाख ५ हजार प्राप्त हुने अनुमान छ।

८ विभिन्न प्रशासनिक दण्डसजायबाट रु १२ लाख प्राप्त हुने अनुमान छ।

९ . नगरपालिकास्थित कयरखोलाको ढुङ्गा गिटी वालुवाको ठेक्का लगाइनेछ। जसबाट नगरपालिका तथा नदी उकास क्षेत्रबाट नदीजन्य पदार्थ संकलन गरी उपयोग गर्ने नीति लिइनेछ। जसबाट नगरलाई ४० लाख प्राप्त हुने अनुमान छ।

१०. व्यक्तिगत घटनाको रुपमा दर्ता हुने जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतबाट रु १७ लाख प्राप्त हुने अनुमान छ।

११. नगरपालिका क्षेत्रमा रहेका घर पसल उद्योग र व्यवसायहरूबाट उत्सर्जन हुने फोहरमैला व्यवस्थापनका लागि नगरले आय ठेक्का बन्दोबस्त गर्दै आएकोले आगामी आ.ब. मा आय ठेक्का वापत नगरलाई ९० लाख प्राप्त हुने अनुमान छ।

१२. नगरमा उत्पादन हुने जडीबुटी कवाडी तथा जीवजन्तु करबाट ३० लाख हुने अनुमान छ।

१३. जग्गा वर्गीकरण गर्दा बिक्री वितरण प्रयोजनमा पूर्वाधार शुल्क वापत लिँदै आएकोमा सो दरलाई निरन्तरता दिएको छु। त्यस्तै विविध शीर्षकमा नगरलाई प्राप्त हुने अन्य दस्तुर लगायतबाट नगरलाई १ करोड ६० प्राप्त हुने अनुमान छ।

१४. नगरपालिका र वडा कार्यालयबाट हुने सिफारिस दस्तुरबाट १ करोड २५ लाख आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

१५. अन्य राजश्वबाट रु.५० लाख प्राप्त हुने अनुमान गरेको छु ।

त्यस्तै

१५. यसरी नगरपालिका आफैले संकलन गर्ने आन्तरिक स्रोत वापत आगामी आ.ब. २०८३/८४ को अन्त्य सम्ममा करीब १६ करोड ८३ लाख ७१ हजार हुने अनुमान गरेको छु।

१६. त्यस्तै अन्य आम्दानी तर्फ तपशील अनुसार हुने अनुमान छ।

**आर्थिक वर्ष २०८३।०८४ को आय अनुमान**

| क्र.स. | स्रोत | अनुमानित रकम रु हजारमा | कैफियत |
|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | १८१७०० | अठार करोड सत्र लाख |
| २ | संघीय राजश्व बाँडफाँड | १३९१८९ | तेह्र करोड एकानब्बे लाख उनान्नबे हजार |
| ३ | संघीय सशर्त चालु | ३८०७०० | अठ्तिस करोड सात लाख |
| ४ | संघीय सशर्त पुँजीगत | ७००० | सत्तरी लाख |
| ५ | संघीय विशेष अनुदान | ९००० | नब्बे लाख |
| ६ | संघीय समपुरक अनुदान | ५००० | पचास लाख |
| ७ | प्रदेश समानीकरण अनुदान | १७०२६ | एक करोड सत्तरी लाख छब्बिस हजार |
| ८ | प्रदेश राजश्व बाँडफाँड | ६२२६४ | छ करोड बाइस लाख चौसठ्ठी हजार |
| ९ | प्रदेश सशर्त चालु | २८२९६ | दुइ करोड बयासी लाख छयान्नबे हजार |
| १० | प्रदेश सशर्त पुँजीगत | ९००० | नब्बे लाख |
| ११ | प्रदेश विशेष अनुदान | ७००० | सत्तरी लाख |
| १२ | प्रदेश समपुरक अनुदान | १८००० | एक करोड असी लाख |
| १३ | स्थानीय राजश्व बाँडफाँड घरजग्गा रजिष्ट्रेशन दस्तुर | १२०००० | बाह्र करोड |
| १४ | आन्तरिक स्रोत | १६८३७१ | सोह्र करोड त्रियासी लाख एकहत्तर हजार |
| १५ | दहत्तर बहत्तर | ४००० | चालिस लाख |
| १६ | मौज्दात रकम करिव | ५०००० | पाँच करोड |
| १७ | बहुबर्षिय तथा क्रमांगत योजनाको मौज्दात | ४००६७४ | चालिस करोड छ लाख चौहतर हजार |
| 18 | सामाजिक सुरक्षा | ३५०००० | पैतिस करोड |
| १९ | सडक बोर्ड | ८००० | असी लाख |

| | | |
|---|---|---|
| **जम्मा** | **१९६५२२१** | **एक अर्ब छयानब्बे करोड बाउन्न लाख एक्काइस हजार** |

<u>आर्थिक वर्ष २०८३।०८४ को व्यय अनुमान</u>

| क.स. | व्ययतर्फ | अनुमानित रकम रु हजारमा | कैफियत |
|---|---|---|---|
| १ | **चालु तथा प्रशासनिक** | **३१००००** | **एकतिस करोड** |
| | नगर गौरब | ५००० | पचास लाख |
| | बहुवर्षीय तथा क्रमागत | ४००६७४ | चालिस करोड छ लाख चौरहतर हजार |
| | समपुरक | ७०००० | सात करोड |
| | आफैले गर्नुपर्ने काम | ६९९०१ | छ करोड उनान्यस लाख एक हजार |
| २ | **आर्थिक विकास** | | |
| | कृषि तथा पशुपंक्षी | १६५०० | एक करोड पौसठ्ठी लाख |
| | सहकारी | २००० | बिस लाख |
| | लघु उधम(मेडपा) | १५०० | पन्ध लाख |
| ३ | **सामाजिक विकास** | | |
| | शिक्षा युवा तथा खेलकुद | ७६१० | छयातर लाख दश हजार |
| | स्वास्थ्य | ६७०० | सत्सठ्ठी लाख |
| | महिला बालवालिका तथा ज्येष्ठ नागरिक | ६३१० | त्रिसठ्ठी लाख दश हजार |
| | बाङ्मय | १५५० | पन्ध्र लाख पचास हजार |
| | सामाजिक सुरक्षा | १२३० | बाह्र लाख तिस हजार |
| | सामी | ६०० | छ लाख |
| ४ | **पूर्वाधार विकास** | | |
| | सडक | २९००० | दुई करोड नब्बे लाख |
| | भवन तथा शहरी विकास | १००० | दश लाख |
| ५ | **वन वातावरण तथा विपद व्यवस्थापन** | | |
| | वन तथा वातावरण | ३००० | तीस लाख |
| | विपद् व्यवस्थापन | ४५०० | पैतालिस लाख |
| ७ | **संस्थागत विकास तथा शासासन** | | |
| | सार्वजनिक सेवा प्रवाह | १७०० | सत्र लाख |
| | कानून न्याय तथा मानवअधिकार | १८५० | अठार लाख पचास हजार |

| | | | |
|---|---|---|---|
| | राजश्व | १३५० | तेह्र लाख पचास हजार |
| | पन्जीकरण | ५५० | पाँच लाख पचास हजार |
| | सूचना प्रविधि उपशाखा | ५०० | पाँच लाख |
| ८ | **व्ययतर्फ** | | |
| | सामाजिक सुरक्षा | ३५०००० | पैतिस करोड |
| | सडक बोर्ड नेपाल | ८००० | असी लाख |
| | विशेष अनुदान (संघ) | ९००० | नब्बे लाख |
| | विशेष अनुदान (प्रदेश) | ७००० | सत्तरी लाख |
| | संघीय सशर्त तर्फका कार्यक्रम | ३८७७०० | अठ्तिस करोड सतहत्तर लाख |
| | प्रदेश सशर्त कार्यक्रम | ३७२९६ | तीन करोड बहत्तर लाख छयान्नबे हजार |
| | समपुरक अनुदान (संघ) | ५००० | पचास लाख |
| | समपुरक अनुदान (प्रदेश) | १८००० | एक करोड असी लाख |
| | **वडास्तरीय कार्यक्रमहरु** | २००२०० | बीस करोड दुई लाख |
| | **बाँडफाँड भएको कुल जम्मा** | **१९६५२२१** | **एक अर्ब छयानब्बे करोड बाउन्न लाख एक्काइस हजार** |

**यसरी हेर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को खर्चको अवस्था देहाय बमोजिम देखिन्छ ।**

| **क्र.स.** | **खर्च शिर्षक** | **बजेट** | **बजेट** |
|---|---|---|---|
| १ | चालु खर्च | ९६६,०९०.०० | छयानब्बे करोड साठ्ठी लाख नब्बे हजार |
| २ | पुँजीगत खर्च | ६४४,१३१.०० | चौसठ्ठी करोड एकचालिस लाख एकतिस हजार |
| ३ | सामाजिक सुरक्षा | ३५०,०००.०० | पैतिस करोड |
| ४ | वित्तीय व्यवस्था | ५,०००.०० | पचास लाख |
| **जम्मा** | | **१९६५२२१** | |

अन्तमा

**सभाध्यक्षज्यू,**

नगरवासीका विकासप्रतिको अपेक्षा, माग र आवश्यकताहरू अत्यन्त व्यापक रहेका छन्। ती सबै अपेक्षालाई क्रमशः सम्बोधन गर्दै नगरको समग्र विकास, समृद्धि र सुशासनलाई संस्थागत गर्न यस बजेटलाई तयार गरिएको हो। सीमित स्रोत र साधनका बीच पनि उपलब्ध स्रोतको अधिकतम र प्रभावकारी उपयोग गर्ने उद्देश्यसहित बजेट विनियोजन गरिएको छ।

नगरको दीगो विकास सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, रोजगारी सिर्जना, सामाजिक विकास तथा सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ। विशेषगरी नगर गौरवका आयोजना, बहुवर्षीय

आयोजना, समपूरक आयोजना तथा रणनीतिक महत्वका कार्यक्रमहरूलाई निरन्तरता दिँदै दीगो विकास लक्ष्य (SDGs) हासिल गर्ने दिशामा बजेट केन्द्रित गरिएको छ।

नगरको समग्र विकासका लागि आवश्यक पर्ने आधारभूत पूर्वाधार निर्माण, सेवा प्रवाहको सुधार, संस्थागत क्षमता विकास तथा नागरिकमैत्री प्रशासनलाई सुदृढ बनाउने लक्ष्य यस बजेटले बोकेको छ। नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने तथा समावेशी विकासलाई प्रवर्द्धन गर्ने दिशामा यो बजेट अग्रसर रहनेछ।

यस बजेटको सफल कार्यान्वयन केवल नगरपालिकाको एकल प्रयासले मात्र सम्भव छैन। यसका लागि नगरसभा सदस्यज्यूहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारी परिवार, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी संस्था तथा सम्पूर्ण नगरवासीहरूको सक्रिय सहयोग, समन्वय र सहभागिता अपरिहार्य रहेको छ।

बजेट निर्माण तथा तयारी प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सुझाव, सहयोग तथा मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै, नगरको विकास र समृद्धिका लागि निरन्तर योगदान पुऱ्याइरहनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा नगरवासी दाजुभाइ दिदीबहिनीहरू प्रति विशेष आभार प्रकट गर्दछु।

अन्त्यमा, प्रस्तुत बजेटलाई सफल कार्यान्वयन गर्दै **"समृद्ध, स्वच्छ र सुसंस्कृत नगर"** निर्माण गर्ने साझा लक्ष्यतर्फ अग्रसर हुन सबै पक्षको सकारात्मक सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

**धन्यवाद**

**जय रत्ननगर**